REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40 hrs 12.08.2024

## सिएम इन्द्राणी ब्रिज

मुख्यमन्त्री श्री प्रेमसिंह तामङले आज सिङतामममा सीमा सड़क संगठन बिआरओ को परियोजना स्वस्तिकद्वारा टिस्टा नदीमा निर्मित इन्द्राणी पुलको उद्घाटन गर्नुभयो।

सीमा सड़क संगठनले तीन सय मिटर लामो यो पुलको निर्माण रेकर्ड समयमा पूरा गरेको छ।

यस अवसरमा बोल्दै मुख्यमन्त्रीले भन्नुभयो राज्यमा प्राकृतिक आपदापछि सड़क सम्पर्क व्यवस्थापन कार्यलाई द्रुत गतिमा अघि बड़ाउनु र राहत प्रदान गर्नु उहाँको सरकारको उच्च प्राथमिकता रहेको छ।

श्री तामङले राज्यको आर्थिक र पूर्वाधार विकासमा सीमा सड़क संगठनले निर्वाह गरेको भूमिकाको प्रशंसा गर्नुभयो।

यस अवसरमा राज्य प्रशासनका वरिष्ठ अधिकारीहरू र बिआरओ को परियोजना स्वस्थिकका अधिकृतहरू उपस्थित थियो।

इन्द्रेणी पुल गत वर्ष अक्तुबर महीनामा अचानक आएको बाढ़ीले गर्दा क्षतिग्रस्त भएको थियो।

## सिएम चार धाम

मुख्यमन्त्री श्री प्रेमसिंह तामङले आज नाम्ची स्थित सिद्धेश्वर धाममा पूजा अर्जना गर्नुभयो।

उहाँसित अन्य अधिकारीहरू बाहेक शहरी विकास तथा नागरिक आपुर्ति मन त्री श्री भोज राज राई र विदायक श्री एन बी प्रधान पनि जानुभएको थियो।

पूजापछि मुख्यमन्त्री सिद्धेश्वर धाम प्रशासनद्वारा आयोजित वृक्षारोपण अभियानमा सहभागी हुनुभयो।

क्षेत्रमा हरियाली बढाउने उद्देश्यले यसको आयोजना गरिएको थियो।

पछि श्री तामङले सिद्धेश्वर धामको प्रमुख भवनभित्र नवस्थापित पुस्तकालयको उद्घाटन गर्नुभयो।

दुर्लभ र ऐतिहासिक सामग्रीहरू संग्रहित पुस्तकालय अनुसन्धाकर्ता, विद्यार्थीवर्ग र श्रध्यालुहरूका लागि बहुमूल्य संसाधन हुने आशा गरिएको छ।

नेश्नल लाइब्रेरियन डे

सिक्किम अकादमीले आज राज्य केन्द्रीय पुस्तकालय र नरवहादुर भण्डारी डिग्री कालेज तादोङसित मिलेर राष्ट्रिय पुस्तकालयध्यक्ष दिवस मनायो।

भारतमा पुस्तकालय विज्ञानका जनक डा. एस.आर रंगनाथनको जन्मदिनको अवसरमा उहाँको अपार योगदानको सम्मान गर्नका लागि प्रत्येक वर्ष बाह्र अगस्तमा नेश्नल लाइब्रेरियन डे मनाइन्छ।

गान्तोकको मनन केन्द्रमा आयोजित समारोहलाई मुख्य अतिथिको रूपमा सम्बोधन गर्दै शिक्षा मन्त्री अतिथिको रूपमा सम्बोधन गर्दै शिक्षा मन्त्री श्री राज बस्नेतले वर्तमान समयमा पुस्तकालयको प्रासंगिकतामाथि प्रकाश पार्नुभयो।

वर्तमान युगमा सामाजिक सञ्जालको अत्यधिक प्रभावले युवाहरूमा अध्ययन संस्कार र एकाग्रतामा कमी आइरहेको कुरो बताउँदै उहाँले भन्नुभयो पुस्तक अध्ययनबाट पाइने ज्ञान अन्य कुनै माध्यमबाट  प्राप्त गर्न सकिँदैन।

यसअघि सिक्किम अकादमीका अध्यक्ष श्री एस. आर सुब्बाले कार्यक्रम आयोजनाको उद्देश्यबारे जानकारी दिनुभयो।

समारोहमा सिक्किम राज्यमा पहिलोपल्ट निजी पुस्तकालय स्थापना गर्ने दक्षिण सिक्किमको तिमी तार्कु निवासी स्व. गोबरधन प्रधानलाई मरणोपरान्त अभिनन्दन गरियो। बताइन्छ सन् 1956 मा उहाँले तिमी तार्कुमा श्री मनोविज्ञान पुस्तकालय स्थापित गर्नुभएको थियो।

स्व. प्रधानका परिवारका सदस्यहरूले अभिनन्दन ग्रहण गरे।

पुस्तकालय सम्वन्धमा वार्ता, कविता वाचन र महाविद्यालयका विद्यार्थीहरूवीच भाषण प्रतियोगिता समारोहका अन्य आकर्षण थिए।

एनएमबिएस

सामाजिक न्याय तथा अधिकारिता मन्त्रालयले आज सारा देशमा नशामुक्त भारत अभियान अन्तर्गत नशालु औषधिहरूको दुरूपयोग विरूद्ध सामूहक रूपमा प्रतिज्ञा लिने कार्यक्रम आयोजन गर्यो।

यस अवधिमा केन्द्रीय सामाजिक न्याय तथा अधिकारिता मन्त्री डा. वीरेन्द्र कुमारले आज नयाँ दिल्लीमा शपथ ग्रहण गराउनुभयो।

यो वर्ष यस अभियानको विषय छ 'विकसित भारतका मन्त्र भारत हो नशे से स्वतन्त्र'।

एनएमबिए(सिक्किम)

राष्ट्र सँगसँगै सिक्किम पनि आज नशामुक्त भाकत अभियानमा सहभागी बन्यो।

गेजिङ जिल्लामा पेलिङ उच्चत्तर माध्यमिक विद्यालयमा आयोजित समारोहमा जिल्लाधीश यिस्से डी योङडाले पाठशालाका विद्यार्थीहरूलाई नशालु पदार्थ सेवनको विरूद्धमा शपथ ग्रहण गराउनुभयो।

यस अवसरमा दिल्लीमा आयोजित राष्ट्रव्यापी कार्यक्रम पनि पत्यक्ष प्रसारण गरियो।
पछि आफ्नो संक्षिप्त सम्बोधनमा जिल्लाधीशले जिल्ला र राज्यलाई नशामुक्त बनाउनमा सामूहिक प्रयास हुनुपर्ने खाँचोमाथि जोड़ दिनुभयो।
नशामुक्त समाज निर्माणको उद्देश्य लिएर जिल्ला प्रशासनिक केन्द्र पाकिममा आयोजना गरिएको कार्यक्रममा जिल्लधीश श्री अगवाने रोहन रमेशले नशामुक्त भारत अभियानको शपथ ग्रहण गराउनुभयो।
जिल्ला प्रशासनिक केन्द्र गान्तोकले पनि नशालु पदार्थ सेवनमा नियन्त्रणको उद्देश्यले नशामुक्त भारत अभियानसित सम्वन्धित कार्यक्रम आयोजन गर्यो। यसमा नशामुक्तिको शपथ ग्रहण गराएपछि जिल्लाधीश ख्री तुषार निखरेले यस अभियानको महत्व र उत्पादनशीलता बढ़ाउनका लागि स्वस्थ जीवनशैली अप्नाउन आवश्यक रहेको कुरा बताउनुभयो।
यस्तै कार्यक्रम सोरेङको जौटार स्टेडियममा पनि आयोजित भयो यसमा जिल्लाधीश श्री धीरज सुवेदीले नशामुक्तिका लागि नशालु प्रदार्थ सेवनको विरूद्धमा प्रतिज्ञा गराउनुभयो।

<u>फुटबल</u>
एपिएफ नेपाल छोग्याल सर टाशी नाम्गेल स्मारक कप स्वतन्त्रता दिवस फुटबल टुर्नामेण्टको फाइनलमा पुगेको छ।
गान्तोकको पाल्जोर स्टेडियममा आज भएको पहिलो सेमिफाइनल म्याचमा यस टीमले इलेभेन स्टार्स फुटबल क्लब आसामलाई छ गोलले परास्त गर्यो।
पराजित टीमले एउटै गोल मात्र गर्नसक्यो।
भोलि दोस्रो सेमिफाइनलमा गत वर्षका विजेता खजल भेङथार फुटबल क्लब मिजोराम सिक्किम प्रीमियर लीग 2023 का च्याम्पियन सिक्किम पुलिससित भिड़नेछ।